# एक्सेल डेभलपमेन्ट बैंक लि.
**Excel Development Bank Ltd.**

... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

फोन नं. ०२३-५४३५६४, ५४३७१४, Email: info@edb.com.np | URL: www.edb.com.np


## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने ३५ दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको सुचना

**(प्रकाशित मिति: वि.सं.२०७७/०४/३०)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्याद भित्र कर्जा चुक्ता/भुक्तान नगरि/नगराई लिखित तथा मौखिक तरताकेता र पत्र पत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजानिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउने तर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्ययमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानूभावहरुबाट यो सुचना पत्रिकामा प्रकाशित भएको मितिले ३५ औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । बोलपत्र फारम रु. १०० तिरि यस बैंकको **मुख्य कार्यालय, बिर्तामोड, झापा** र **शाखा कार्यालयहरुबाट** कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । प्राप्त बोलपत्रहरु यो सुचना प्रकाशित भएको ३६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे खोलिने हुंदा बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनूपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचिमा समावेश गरी असुल उपर हुन बांकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको र /वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन तथा अन्य प्रचलित कानून बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हून नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनूकूलतामा आर्फैले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ । बोलपत्र सम्वन्धि अन्य शर्तहरु सम्बन्धमा यस बैंकको वेवसाइट www.edb.com.np माराखिएको यसै सुचनाको पुर्ण पाठ बाट वा यस बैंकको नजिकको शाखामा सर्म्पक गरी जानकारी लिनुहन अनुरोध गरिन्छ ।

## तपसिल

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण | कर्जा शिर्षक | ऋणी/ ऋणी फर्मको प्रोप्राइटर/साझेदार/संचालक एवं जमानतकर्ताको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| **शाखा कार्यालय ईलाम** | | | | |
| १. | **ऋणी:** मित्रलाल दहालको नाति, देवेन्द्रराज दहालको छोरा, इलाम जिल्ला इलाम नगरपालिका. साविक वडा नं. ६ स्थायी ठेगाना भै हाल सोही ठाउं बस्ने मिती २०६०/०७/१२ मा जिल्ला प्रसाशन कार्यालय इलामबाट जारी गरिएको ना.प्र.नं ७१०३५/१९८७ भएको बर्ष ३५ को **सुर्य प्रसाद दहाल ।**<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**नाम : सावित्रा दहाल**<br>बाबु : हरिप्रसाद खरेल<br>बाजे : धनन्जय खरेल<br>पति : सुर्य प्रसाद दहाल<br>**ठेगाना:** इलाम न.पा., वडा नं. ६, इलाम | **व्यक्तिगत आवधिक कर्जा** | <br>**सुर्य प्रसाद दहाल**<br><br>**सावित्रा दहाल** | सुर्य प्रसाद दहालको नाममा मा.पो.का. इलाममा दर्ता कायम रहेको इलाम जिल्ला इलाम न.पा. साबिक वडा नं. ६ हाल वडा नं. ८ स्थित कि.नं. १७१६ को ०-८-०-० जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

<table>
<tr>
<td>२.</td>
<td>ऋणी : धर्म प्रसाद खतिवडा<br>बाबु : अविनारायण खतिवडा<br>बाजे : महेश्वर खतिवडा<br>ठेगाना : ईलाम जिल्ला जमूना गा.वि.स वडा नं. ९ स्थाई ठेगाना भै हाल ईलाम जिल्ला सन्दकपुर गा.पा.वडा नं ५<br><br>व्यक्तिगत जमानीकर्ताहरु :<br>नाम : कालीका देवी खतिवडा<br>पती : अविनारायण खतिवडा<br>ससुरो : महेश्वर खतिवडा<br>ठेगाना :ईलाम जिल्ला जमूना गा.वि.स वडा नं. ९<br><br>नाम : घुमा देवी दुलाल<br>बाबु : अनीरुद्र दुलाल<br>पती : धर्म प्रसाद खतिवडा<br>ठेगाना :ईलाम जिल्ला जमूना गा.वि.स वडा नं. ९</td>
<td>व्यक्तिगत आवधिक कर्जा</td>
<td><br>धर्म प्रसाद खतिवडा<br><br>कालीका देवी खतिवडा</td>
<td>श्रीमती कालीका देवी खतिवडाको नाममा मालपोत कार्यलय ईलाममा दर्ता कायम रहेको ईलाम जिल्ला जमूना गा.वि.स वडा नं. ९ को भै हाल ईलाम जिल्ला सन्दकपुर गा.पा.वडा न ५ स्थित कि.नं २४ मा ५१-२-१-१ रोपनी जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।</td>
</tr>
<tr>
<td>३.</td>
<td>ऋणी : कान्छा लिम्बू<br>बाबु : डील्ली सिंह लिम्बू<br>बाजे : मोहन सिंह लिम्बू<br>ठेगाना : ईलाम जिल्ला साङ्रुम्वा गा.वि.स वडा न. १ स्थाई ठेगाना भै हाल ईलाम न.पा.वडा नं १२<br><br>व्यक्तिगत जमानीकर्ताहरु :<br>नाम : मनहाङ्ग साउदेन<br>बाबु : खड्ग बहादुर साउदेन<br>बाजे : गुन्ज बहादुर साउदेन<br>ठेगाना : ईलाम जिल्ला सुलबुङ गा.वि.स वडा न. ८</td>
<td>व्यत्तिगत आवधिक कर्जा</td>
<td><br>कान्छा लिम्बू<br><br>मनहाङ्ग साउदेन</td>
<td>कान्छा लिम्बूको नाममा मालपोत कार्यलय ईलाममा दर्ता कायम रहेको ईलाम जिल्ला साविक साङ्रुम्वा गा.वि.स वडा न. १ र २ भै हाल ईलाम न.पा.वडा नं १२ स्थित कि.नं ९३ मा ५-१४-०-२ रोपनी र कि.नं ७६ मा ६-८-१-० रोपनी र सोले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| **मुख्य शाखा कार्यालय विर्तामोड** | | | | |
| ४. | नेपाल सरकार बाणिज्य तथा आपूर्ती मन्त्रालय, बाणिज्य बिभागमा प्रा.फ.र.नं. ३३/०६४/०६५ अन्तर्गत मिति २०६४/०४/२८ मा रजिष्टर/दर्ता भएको **प्रबिण ट्रेडर्स एण्ड सप्लायर्स**का तर्फवाट ऐ. की प्रोप्राईटर भक्त ब. दाहालकी नातीनी दल ब. दाहालकी छोरी नर ब. कार्कीकी पत्नी ताप्लेजुङ्ग जिल्ला फुङलीङ न.पा./गा.वि.स. वडा नं. ३, स्थायी ठेगाना भै झापा जिल्ला साविक अनारमनी गा.वि.स., वडा नं. ४ हाल विर्तामोड न.पा वडा नं. ७ बस्ने मिती २०५६/०२/११ मा जिल्ला प्रशाशन कार्यलय, ताप्लेजुङवाट जारी गरिएको ना. प्र. नं ४०३००/४५८० भएकी बर्ष ४१ की **श्रीमती तारा कार्की**<br>**ब्यक्तिगत जमानीकर्ता:**<br>**श्री नर ब. कार्की**<br>बाबु : पदम ब. कार्की<br>बाजे : भिम ब. कार्की<br>ठेगाना : ताप्लेजुङ्ग जिल्ला फुङलीङ न.पा./ गा.वि.स. वडा नं. ३ भई हाल झापा जिल्ला विर्तामोड न.पा./गा.वि.स. वडा नं. ७, विर्तामोड, झापा नेपाल । | व्यापार चालुपुंजी कर्जा तथा छोटो समयावधी कर्जा | <br>**तारा कार्की**<br><br>**नर ब. कार्की** | १. श्रीमती तारा कार्कीको नाममा मा.पो.का., दमक, झापामा दर्ता कायम रहेको दमक न.पा./गा.वि.स. वडा नं. ६, स्थित कि.नं. ३३९०४ को क्षेत्रफल ०-०-१४.५ विगाह (अक्षरमा चौध दशमलव पांच धुर) जग्गा र सो मा वनेको घर तथा जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

## धितो लिलामीका शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रमा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा आफूले लिन चाहेको सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । कुनै ग्राहकको लिलाम विक्री गर्न लागिएको सम्पत्ति सबै नलिई केही मात्र लिन चाहने बोलपत्रदाताले सोही सूचनाको आधारमा आफूले लिन चाहेको सम्पत्तिको मात्र स्पष्ट विवरण उल्लेख गरी सोको मूल्य अंक र अक्षरमा भर्नु पर्नेछ ।

२. गोप्य शिलबन्दी बोलपत्रमा ऋणीको नाम अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बोलपत्रको खाम बाहिर समेत ऋणीको नाम उल्लेख हुनु पर्नेछ ।

३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशत रकम यस बैंकमा जम्मा गरेको भौचरको अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गर्ने संस्था कार्यालयको नाउँमा खिचिएको ड्राफ्ट वा संस्था जमानत पत्र सक्कल प्रति पेश गर्नु पर्नेछ ।

४. लिलाम बिक्री हुने धितो सुरक्षण हेर्न चाहेमा वा लिलाम बिक्री हुने सम्पत्ति वापत ऋणीले तिर्न बुझाउन बांकी रकम बारे जानकारी लिन चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र यस बैंकमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै, सोही अवस्था तथा प्रमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र बांकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।

६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागुञ्जेलसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।

७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।

८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा नै निहित रहने छ ।

९. स्वीकृत भएको बोलपत्रदाताको नाममा सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने दस्तुर, पूंजीगत लाभकर, अन्य कर तथा फुटकर खर्च आदी स्वयं बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

१०. वोलपत्र खोलिने दिन तथा समयमा ऋणी, धितोजमानत कर्ता , जमानत कर्ता ब्यक्तिहरु लगायत सम्बन्धित सबैलाई उपस्थित हुन यसै सूचना मार्फत जानकारी गराईन्छ । निजहरु अनुपस्थित रहेमा पनि लिलाम कार्य रोकिने छैन ।

११. बोलपत्र सदर/बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ ।